प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

फोन: ०५७-५२४८३५
०५७-५२४८३६
फ्याक्स: ०५७-५२४८३६
ईमेल: p3mosd@gmail.com

प.सं. :
च.नं. :

मिति: २०७७/०८/२८

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

**विषय :बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुका लागि पूर्वाधारयुक्त आवासीय विद्यालय सञ्चालनका लागि पुनः आवेदन माग गरिएको सूचना ।**

चालु आर्थिक वर्ष २०७७/०७८ मा बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुका लागि पूर्वाधारयुक्त आवासीय विद्यालय सञ्चालनका लागि एक वटा विद्यालय छनौट गर्नु पर्ने भएकोले तपशिलमा उल्लिखित पूर्वाधार निर्माणको लागि पर्याप्त जग्गा रहेका बागमती प्रदेश भित्रका इच्छुक सामुदायिक माध्यमिक विद्यालयले विद्यालयको नाममा रहेको जग्गाको लालपूर्जाको प्रतिलिपि, विद्यालयको भौतिक एवम् शैक्षिक विवरण, विद्यालय व्यवस्थापन समितिको निर्णय र सम्बन्धित स्थानीय तहको सिफारिस सहित यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस मन्त्रालयमा आइपुग्ने गरी आवेदन दिनहुन यसै सूचनाबाट जानकारी गराइन्छ ।

<u>तपशिलः</u>

१) आवासीय विद्यालयमा २०० जना बालबालिका आवासमा बस्न सक्ने क्षमताको हुनुपर्ने,
२) विद्यालयमा Dark Room, Audio Proof Room, Counseling Room, प्रशासनिक भवन, वार्डेन कक्ष, IT सुविधा सहितको पुस्तकालय, आधारभूत उपकरणसहितको थेरापी कक्ष र विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरुका लागि नमूना स्रोत कक्षाको व्यवस्था गर्न सकिने गरी भवन निर्माण गर्नुपर्ने,
३) अपाङ्गता अनुकूल खेलमैदान, सङ्गीत, योगाभ्यास र कर्मयोगको माध्यमबाट स्वावलम्बी बनाउन करेसाबारीका लागि आवश्यक पर्ने जग्गाको समेत व्यवस्था गर्नुपर्ने,
४) पूर्वव्यावसायिक सिप विकासका लागि आवश्यक पर्ने सामग्री सहितको कक्षा निर्माण गर्ने ।

२०७७/०८/२८
(श्रीकृष्ण आचार्य)
अधिकृतस्तर आठौं